**बैठक संख्याः २०८०/८१-५**

आज मिति २०८०/०७/१३ गते सोमबारको दिन बिहान ८ वजे सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठक सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री भरत गिरी ज्यूको अध्यक्षतामा सिद्ध कुमाख गाउँपालिकाको सभाहलमा देहायको सदस्य तथा व्यक्तिहरुको उपस्थितिमा बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरि तपशिलका निर्णयहरु गरियो ।

**उपस्थितिः**

| **सि.न.** | **नाम, थर** | **पद** | **हस्ताक्षर** |
|---|---|---|---|
| १ | भरत गिरी | अध्यक्ष | |
| २ | राम बहादुर वस्नेत | उपाध्यक्ष | |
| ३ | डिल्ली खड्का | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | रमेश चलाउने | वडाध्यक्ष, १ नं वडा | |
| ५ | मेक बहादुर बुढाथोकी | वडाध्यक्ष, २ नं वडा | |
| ६ | जिवराज बोहरा | वडाध्यक्ष, ३ नं वडा | |
| ७ | खर्कविर रोका | वडाध्यक्ष, ४ नं वडा | |
| ८ | चुडामणी रेउले | वडाध्यक्ष, ५ नं वडा | |
| ९ | बुदी कुवर | कार्यपालिका सदस्य | |
| १० | आशा परियार | कार्यपालिका सदस्य | |
| ११ | करुणा राना बस्नेत | कार्यपालिका सदस्य | |
| १२ | मनि सार्की | कार्यपालिका सदस्य | |
| १३ | केशर परियार | कार्यपालिका सदस्य | |
| १४ | भिम बहादुर विक | कार्यपालिका सदस्य | |

**अन्य उपस्थितिः**

१. भिमलाल भण्डारी — सूचना प्रविधि अधिकृत

२. तोला कुमारी बुढाथोकी — कास

**प्रस्तावहरु**

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा ।
२. एम.आइ.एस. अपरेटरको विज्ञापन सम्वन्धमा ।
३. अध्यक्ष कप खेलकुद संचालन सम्वन्धमा ।
४. खेलकुद विकास समिति गठन सम्वन्धमा ।
५. परीक्षामा खटिने कर्मचारीको सेवासूविधा सम्वन्धि मापदण्ड, २०८० सम्वन्धमा ।
६. योजना संचालन तथा उपभोक्ता समिति गठन सम्वन्धमा ।
७. विविध सम्वन्धमा ।

**निर्णय नं १:**

यस अघि मिति २०८०/०६/१० गते बसेको गाउँ कार्यपालिकाको चौथो बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल तथा समिक्षा गरियो ।

**निर्णय नं २:**

सिद्ध कुमाख गाउँ कार्यपालिकाको कार्यालय राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण इकाईमा रिक्त रहेको एम.आइ.एस. अपरेटरको पदपूर्ति गर्न विज्ञापन आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं ३**

सिद्ध कुमाख गाउँपालिकाको चौथो अध्यक्ष कप संचालन गर्नका लागि मिति २०८० मंसिर ५ गते सम्म वडास्तरीय प्रतिस्पर्धा सम्पन्न गरी खेलाडी छनौट गर्ने र अध्यक्ष कप मिति २०८० मंसिर ८ गतेदेखि ११ गतेसम्म बाल कल्यान आ.वि. फलाटे सिद्ध कुमाख-३ मा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४:**

सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष कप खेलकुद प्रतियोगितालाई व्यवस्थित रुपमा संचालन गर्नको लागि सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष कप खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका, २०७९ बमोजिम देहायको खेलकुद विकास समिति गठन गर्ने निर्णय गरियो ।

| सि.न. | नाम | पद | ठेगाना |
|---|---|---|---|
| १ | देव बहादुर बस्नेत | अध्यक्ष | सिद्ध कुमाख २ (मनोनित) |
| २ | जीत बहादुर बुढाथोकी | उपाध्यक्ष | सिद्ध कुमाख २ |
| ३ | अमृत परियार | सचिव | सिद्ध कुमाख ४ |
| ४ | सीता वली | कोषाध्यक्ष | सिद्ध कुमाख ३ (मनोनित) |
| ५ | झक्कु वि.क. | सदस्य | सिद्ध कुमाख १ |
| ६ | मिन प्रसाद रेउले | सदस्य | सिद्ध कुमाख ३ |
| ७ | ललित यरी | सदस्य | सिद्ध कुमाख ५ |

**निर्णय नं ५:**

सिद्ध कुमाख गाउँपालिकाको परीक्षामा खटिने कर्मचारीको सेवासूविधा सम्वन्धि मापदण्ड, २०८० को मस्यौदा पेश भए अनुसार सर्वसम्मतले स्वीकृत गर्ने निर्णय गरीयो।

**निर्णय नं ६:**

सिद्ध कुमाख गाउँपालिका चालु आव २०८०/८१ को बार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका योजनाहरु मध्ये उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने योजनाहरु संचालन गर्न मिति २०८० मंसिर मसान्तसम्म उपभोक्ता समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं ७:**

सिद्ध कुमाख गाउँपालिकाको विभिन्न वडा कार्यालय बाट सिफारिस भै आएका तपशिलका व्यक्ति/संस्थाहरुलाई तपशिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो ।

| क्र.स. | आर्थिक सहायता पाउने व्यक्तिको नाम थर | ठेगाना | आर्थिक सहायता पाउने कारण | आर्थिक सहायता रकम |
|---|---|---|---|---|
| १ | शोभाराम गिरी | सिद्ध कुमाख गाउँपालिका-१ सल्यान | अल्सर पिडित भै उपचाररत आर्थिक अवस्था कमजोर | रु ५ हजार मात्र |